नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयबाट सेवा प्रवाहमा सुधार, विकास निर्माण कार्यको प्रभावकारिता र प्रशासनिक कार्य प्रकृयामा सुधार समेत सुशासन कायम गर्न विविध प्रयासहरु गरिएका छन् । यसै क्रममा सरकारी अभिलेख तथा आन्तरिक सञ्चार व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै आन्तरिक निर्णय र सरकारी प्रतिवेदन प्रणालीलाई व्यवस्थित र विश्वसनीय बनाउँदै लगिएको छ । सरकारी अभिलेख, निर्णय तथा आन्तरिक सञ्चारमा सूचना प्रविधिको प्रयोगलाई विस्तारित गर्न आवश्यकता अनुसार थप परीक्षण समेत गर्दै लगिने छ । यस अनुरुप चिठ्ठीपत्र तथा टिप्पणी लगायतका परम्परागत विधि तथा पद्धतिलाई सूचना प्रविधि मैत्री बनाइ क्रमशः कार्यान्वयनमा ल्याइने छ ।

यसै सन्दर्भमा नेपाल सरकारका मन्त्रालयहरु र केन्द्रीय स्तरका निकायहरुबीच चिठीपत्रका माध्यमबाट हुने सञ्चार सोही दिन वा बढीमा १२ घण्टाभित्र सम्बन्धित कार्यालयमा पुऱ्याइ सक्ने व्यवस्था मिलाइएको छ । चिठ्ठीपत्रको माध्यमबाट हुने सञ्चारलाई सूचना प्रविधिबाट प्रतिस्थापन गर्न कार्यालय स्वचालन प्रणाली (Office Automation System) को प्रयोगलाई बढिमा एक महिनाभित्र सबै मन्त्रालय र केन्द्रीय स्तरका कार्यालयमा कार्यान्वयनमा ल्याउने गरी कार्य अघि बढाईएको छ । यस कार्यमा सूचना प्रविधि विभाग एवं यस कार्यालयको सूचना प्रविधि शाखाले आवश्यक प्राविधिक सहयोग गर्ने व्यवस्था समेत मिलाईएको छ । यस कार्यको नियमित अनुगमन राष्ट्रिय सतर्कता केन्द्रले गर्नेछ । कार्यालय स्वचालन प्रणालीको पूर्ण कार्यान्वयनबाट क्रमशः श्रम, समय तथा लागत कम भई सरकारी काम कारवाही चुस्त हुने अपेक्षा गरिएको छ ।

२०७७।९।१०

(शंकर नेपाल)

प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np